# मालिका राजपत्र

मालिका गाउँपालिकाद्वारा प्रकाशित

खण्डः३ वर्षः३ संख्याः३ मितिः२०८१।०३।०६

भाग -२

मालिका गाउँपालिका

## दरवाङ आधारभूत अस्पतालमा अतिरिक्त सेवा तथा सार्वजनिक बिदाको दिन सेवा सञ्चालन सम्बन्धि कार्यविधि, २०८०

**प्रमाणिकरण मितिः २०८१।०३।०६**

**स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१।०३।२१**

मालिका गाउँपालिका

म्याग्दी जिल्ला

गण्डकी प्रदेश, नेपाल

# दरबाङ्ग आधारभुत अस्पतालमा अतिरिक्त सेवा तथा सार्बजनिक बिदाका दिन सेवा संञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना:**

यस मालिका गाउँपालिका अन्तर्गत रहेको दरबाङ्ग आधरभुत अस्पतालमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ र नेपाल स्वास्थ्य सेवा (चौथो संशोधन) नियमावली, २०७० बमोजिम नियमित रुपमा अतिरिक्त स्वास्थ्य सेवा र सार्वजनिक बिदाका दिन प्रदान गरिने स्वास्थ्य सेवा प्रभावकारी तुल्याउन कार्यरत कर्मचारीहरुले उक्त समयमा काम गरेबापत प्राप्त गर्ने सेवा सुबिधा वाञ्छनीय भएकोले मालिका गाउँपालिका (कार्यपालिका) बाट यो कार्यविधि स्वीकृत गरी लागू गरीएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम दरबाङ्ग आधारभुत अस्पतालमा अतिरिक्त सेवा तथा सार्बजनिक बिदाका दिन सेवा संञ्चालन सम्बन्धी कार्यविधि २०८० रहेको छ।

(ख) यो कार्यविधि आर्थिक बर्ष २०८० भाद्र महिना देखि लागू हुनेछ।

२. **परिभाषा:** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "गाउँपालिका" भन्नाले मालिका गाउँपालिकालाई सम्झनुपर्दछ।

(ख) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वामित्व वा निमित्व वा नियन्त्रणमा रहेको दरबाङ्ग आधारभुत अस्पताल सम्झनुपर्दछ।

(ग) "अतिरिक्त सेवा" भन्नाले स्वास्थ्य सुस्थाका कर्मचारीहरुले हप्तामा चालिस घण्टा भन्दा बढी थप काम गर्ने समयलाई सम्झनुपर्दछ।

(घ) "सट्टा बिदा" भन्नाले स्वास्थ्य संस्थाका कर्मचारीहरुले सार्बजनिक बिदाको दिन काम गरे बापत पाउने बिदालाई सम्झनुपर्दछ।

३. **कार्यविधिको उद्देश्य:**

यस गाउँपालिकाका भित्र रहेका स्वास्थ्य संस्थामा नियमित रुपमा अतिरिक्त सेवा तथा सार्बजनिक बिदाका दिनमा प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने।

खेम प्रसाद गर्बुजा
अध्यक्ष

# परिच्छेद - २

## अतिरिक्त सेवा तथा सार्बजनिक बिदाका दिन सेवा संञ्चालन बापत सेवा सुबिधा दिने प्रक्रिया

४. <u>सेवा सुबिधा दिनें मापदण्डः</u>

(क) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरुलाई अतिरिक्त सेवा गरेबापत हरेक दिनको लागि खाईपाई आएको एक दिनको तलबको पचास प्रतिशत (५०%) बराबरको भुक्तानी दिइनेछ।

(ख) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरुलाई सार्बजनिक बिदाको दिन सेवा गरेबापत हरेक दिनको लागी खाईपाई आएको एक दिनको तलब बराबरको भुक्तानी दिइनेछ।

(ग) स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ तथा पारामेडिक्स कर्मचारीहरुलाई अतिरिक्त सेवा संञ्चालन बापत एक दिनको तलबको बिस प्रतिशत (२०%) बराबरको भुक्तानी दिइनेछ।

(घ) स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ तथा पारामेडिक्स कर्मचारीहरुलाई सार्बजनिक बिदाका दिन सेवा गरेबापत हरेक दिनको लागी खाईपाई आएको एक दिनको तलब बराबरको भुक्तानी दिइनेछ।

(ङ) स्वास्थ्य संस्थामा कार्यरत कार्यलय सहयोगी कर्मचारीहरुलाई अतिरिक्त सेवा संञ्चालन बापत प्रतिरात रु १००।– (एक सय) का दरले भुक्तानी दिइनेछ।

(च) स्वास्थ्य संस्थामा कार्यरत कार्यलय सहयोगी कर्मचारीहरुलाई सार्बजनिक बिदाका दिन सेवा गरेबापत हरेक दिनको लागी खाईपाई आएको एक दिनको तलब बराबरको भुक्तानी दिइनेछ।

(छ) एक्सरे, ल्याब सेवाको आम्दानी बाट चिकित्सकलाई १४%, पारामेडिक्सलाई १०%, ल्याब एक्सरे गर्ने कर्मचारीलाई १०%, बराबरको भुक्तानी दिइनेछ।

(ज) ई.सि.जि. को आम्दानी बाट चिकित्सकलाई २०%, ई.सि.जि. गर्ने कर्मचारीलाई २०%, बराबरको भुक्तानी दिइनेछ।

(झ) निरोगीताको प्रमाणपत्रको आम्दानी बाट चिकित्सकलाई ८०%, बराबरको भुक्तानी दिइनेछ।

(ञ) अल्ट्रासाउण्डको आम्दानी बाट चिकित्सकलाई ५०%, र कार्यलय सहयोगीलाई १०% बराबरको भुक्तानी दिईनेछ।

(ट) प्रोसिडरको आम्दानी बाट प्रोसिडर गर्ने कर्मचारीलाई ३५%, र कार्यलय सहयोगीलाई ५% बराबरको भुक्तानी दिईनेछ।

धन प्रसाद गर्बुजा
अध्यक्ष

(ठ) अन्य कुरा जस्तो सुकै उल्लेख भएतापनि स्वास्थ्य संस्थाको आन्तरिक स्रोतको रकमलाई सत प्रतिशत मानी सो मध्यबाट ४०%, भन्दा बढी रकम खर्च गरीने छैन।

५. अतिरिक्त सेवा तथा सट्टा विदा सम्बन्धी सुबिधा र आन्तरिक स्रोतको बिबरण सहित त्रैमासिक रुपमा स्वास्थ्य संस्थाले गाउँपालिकामा पेश गर्नुपर्नेछ।

६. आन्तरिक स्रोतको रकम बाँकी ६०%, रकम अन्य कार्यलय संचालन तथा प्रशासनिक खर्चमा प्रयोग गरिनेछ।

७. <u>कार्यक्रम अनुगमन प्रतिबेदनः</u> (१) कार्यक्रमको अनुगमन गाउँपालिकाले गर्नेछ।

८. <u>कार्यविधिमा संसोधन तथा हेरफेरः</u> (१) गाउँपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन तथा हेरफेर गर्न सक्नेछ।

९. <u>बाधा अड्काउ फुकाउः</u> (१) यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ फुकाउन सक्नेछ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

# अनुसूची – १

यस दरबाङ्ग आधारभुत अस्पतालमा कार्यरत चिकित्सकहरुले ........................................ महिनामा अतिरिक्त सेवा तथा सार्वजनिक बिदामा सेवा प्रदान गरेबापत नियमानुसार पाउने रकम तपसिल बमोजिम निकासा गरिदिनुहुन अनुरोध छ।

| क्र.सं. | कार्मचारीको नाम | पद | अतिरिक्त सेवा तथा सार्वजनिक बिदामा काम गरेको दिन | तलब स्केल (ग्रेडसमेत) | एकदिनको हुन आउने रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

वेग प्रसाद गर्वुजा
अध्यक्ष

कार्यलय प्रमुखको दस्तखत:

नाम:

पद:

मिति:

# अनुसूची - २

यस दरबाङ्ग आधारभुत अस्पतालका कार्यरत विभिन्न तहका कर्मचारीहरुले ............................ महिनामा अतिरिक्त सेवा तथा सार्वजनिक बिदामा सेवा प्रदान गरेबापत नियमानुसार पाउने रकम तपसिल बमोजिम निकासा गरिदिनुहुन अनुरोध छ।

| क.सं. | नाम | पद | अतिरिक्त सेवामा काम गरेको दिन | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| क.सं. | नाम | पद | सट्टा बिदा | तलब स्केल (ग्रेडसमेत) | एकदिनको हुन आउने रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

बेग प्रसाद गर्तुजा
अध्यक्ष

कार्यलय प्रमुखको दस्तखत:

नाम:

पद:

मिति: